# कोभिड-19 खोप बुस्टर सटहरू के हुन्?

## ट्रान्स्क्रिप्ट

[उत्साहजनक सङ्गीत]

[वर्णन]

एउटा व्यक्तिले पूर्ण खोप लगाएपछि, तिनीहरूमा सामान्यतया कोभिड-19 विरुद्ध उच्च तहको सुरक्षा हुन्छ।

नयाँ डाटाले देखाउँछ कि कोभिड-19 संक्रमण विरुद्धको सुरक्षा  समय बित्दै गएपछि कम हुन्छ, खोपहरू गम्भीर बिरामी, अस्पताल भर्ना र मृत्युको जोखिम घटाउनमा एकदम प्रभावकारी भैरहे पनि।

जब खोपबाट सुरुवाती सुरक्षा घट्न सुरु गर्छ, बुस्टर सट भनिने एक अतिरिक्त डोज सुरक्षा बढाउन मद्दत गर्न दिइन्छ।

यो अतिरिक्त डोजले रोगबाट व्यक्तिलाई सुरक्षा गर्न थप एन्टीबडीहरू उत्पादन गर्छ।

थुप्रै नियमित खोपहरूमा उच्च तहको सुरक्षा कायम गर्न बुस्टरहरू आवश्यक हुन्छ।

उदाहरणको लागि, मानिसहरूले प्रत्येक 10 वर्षमा टिटानसको खोप लगाउनु पर्छ। त्यो सट बुस्टर हो। यसले रोगसँग लड्ने तपाईंको क्षमता “बढावा” गर्छ किनकि हामीलाई थाहा छ, सुरक्षा समयसँगै घट्दै जान्छ।

कोभिड-19 खोपहरू बारे थप जानकारीका लागि health.mn.gov/covidvaccine मा जानुहोस्।

[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

10/6/21 (Nepali)

*फरक ढाँचामा यो जानकारी प्राप्त गर्न, यो नम्बरमा कल गर्नुहोस्: 651-201-4989।*